दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १२९ | बुटवल | २०८३ बैशाख २६ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday May 09, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बरः ९८०१८२७९५०

# सुकुम्वासी बस्ती खाली नगराउन अदालतको आदेश

बुटवल। सर्वोच्च अदालतले शुक्रबार नदी किनार र सार्वजनिक स्थानमा बनाइएका बस्ती खाली नगर्न भन्दै अन्तरिम आदेश जारी गरेको छ।

सर्वोच्चका न्यायाधीशद्वय कुमार रेग्मी र नित्यानन्द पाण्डेको संयुक्त इजलासले बस्ती खाली गर्नेविरुद्ध परेको रिटमा अन्तरिम आदेश जारी गरेको हो।

गोपाल रन पहलीसमेत ११ जनाले यही बैशाख ११ गते सुकुम्वासी बस्ती खाली गर्न लागिएको विरुद्ध रिट निवेदन दर्ता गरेका थिए। काठमाडौंका नदी किनाराका सुकुम्वासी बस्ती खाली गर्न जिल्ला प्रशासन कार्यालय र काठमाडौं महानगरपालिकाले सूचना जारी गरेको विरुद्ध रिट निवेदन दायर भएको थियो।

अन्तरिम आदेशमा भनिएको छ-'सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूलाई निजहरू बसोबास गरिरहेको स्थानबाट विस्थापन गरी अन्यन्त्र व्यवस्थापन गर्ने सम्बन्धमा कानुनको उचित प्रक्रिया अवलम्बन नगरी निजहरूको बासस्थानबाट हटाउँदा, शिक्षा, स्वास्थ्य, आवासलगायतका हकमा हुन जाने अपूरणीय क्षति एवं उत्पन्न हुन सक्ने मानवीय संकट समेतलाई दृष्टिगत गरी सो सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी कार्य सूचीको बुँदा नम्बर ९१ मा उल्लेखित मापदण्ड एवं प्रक्रिया र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नम्बर ४१२ मिति २०८३/०१/१७ को सबै नगरपालिका र गाउँपालिकाको नाउँमा जारी परिपत्र एवं गृहमन्त्रालयको चलानी नम्बर ६५० मिति २०८३/०१/१७ को पत्रबाट निर्दिष्ट चरणबद्ध प्रक्रिया अवलम्बन नगरी सुकुम्वासी तथा अव्यवस्थित बसोवासीलाई जबरजस्ती बस्तीबाट हटाउने वा विस्थापित गर्ने कार्य नगर्न नगराउनू।'

यसैगरी विस्थापित सुकुम्वासी एवं अव्यवस्थित बसोवासीहरूको हकमा निजहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्न समेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने गराउने थप प्रभावकारी कार्य गर्ने गराउनु भनी सर्वोच्च अदालत नियममावली २०७४ को नियम ४९ बमोजिम प्रस्तुत निवेदनको टुंगो नलागेसम्मका लागि विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी भएको छ।

राष्ट्रिय मानवअधिकार आयोगले समेत विस्थापित एवं अव्यवस्थित बसोवासीहरू समस्यामा रहेको भनी औंल्याएको अवस्थामा विस्थापित उनीहरूको आवास, शिक्षा, स्वास्थ्य, खाद्यान्न समेतको आधारभूत आवश्यकता उपलब्ध गर्ने गराउने थप प्रभावकारी व्यवस्था मिलाउन आदेशमा भनिएको छ।

रिट निवेदनमा काठमाडौं उपत्यका तथा देशभरिका नदी किनार वा जुनसुकै स्थानका सुकुम्वासी बस्तीका भूमिहीन परिवारको पहिचान, प्रमाणीकरण र वैकल्पिक व्यवस्था नगरी कुनै पनि परिवारलाई हटाउने, उठाउने, विस्थापित गर्ने वा कुनै पनि किसिमको जबरजस्ती कारबाही नगर्नू, नगराउनु भनी माग गरिएको थियो।

## प्रधानन्यायाधीश सिफारिसमा कांग्रेस र एमालेको आपत्ति





**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाली कांग्रेसका सभापति गगन थापाले प्रधानन्यायाधीश सिफारिस गर्दा प्रधानमन्त्रीले संविधानको धज्जी उडाएको टिप्पणी गरेका छन्। काठमाडौंमा शुक्रबार आयोजित एक कार्यक्रममा कांग्रेस सभापति थापाले यस्तो टिप्पणी गरेका हुन्।

संवैधानिक परिषद्मा प्रधानमन्त्रीको दादागिरी चल्नुहुँदैन भनेर संविधानमा नै त्यस्तो व्यवस्था गरिएको भन्दै थापाले प्रधानमन्त्रीले कम्प्लेटली त्यसको धज्जी उडाएको बताएका हुन्।

उनले भने-'संवैधानिक परिषद्मा प्रधानमन्त्रीको दादा गरी चल्नु हुँदैन भनेर शब्दै लेखिएको छ। सरकारका प्रमुखले जबरजस्ती गर्ने भएकोले उसको नियन्त्रण गर्नका लागि संवैधानिक परिषद् बनाइएको छ भनेर लेखिएको छ। त्यसको कम्प्लेटली धज्जी उडाइएको छ।'

यस्तै नेकपा एमालेका महासचिव शंकर पोखरेलले प्रधान न्यायाधीशको सिफारिसले सरकारको नियतमा प्रश्न उठेको टिप्पणी गरेका छन्।

सामाजिक सञ्जालमा स्टाटस लेख्दै उनले तीन जना वरिष्ठ न्यायाधीशलाई उपेक्षा गरेर प्रधान न्यायाधीश सिफारिस हुनु सामान्य घटना नभएको भन्दै यसले सरकार न्यायालयलाई आफ्नो प्रभाव क्षेत्रभित्र राख्न खोजिरहेको सन्देश दिएको जिकिर गरेका छन्।

पोखरेलले लेखेका छन्-'हिजो न्यायालयमाथि राजनीतिकरणको आरोप लागिरहँदा पनि राजनीतिक मुद्दामा न्यायिक सक्रियता प्रायः सरकारविरुद्ध देखिन्थ्यो-कतिपय अवस्थामा विरोधाभाषी र अस्वाभाविक रूपमा समेत।'

बालेन्द्र शाह नेतृत्वको सरकार अहिले न्यायालयभित्र आफ्ना पक्षमा न्यायिक पक्षधरता स्थापित गर्न खोजिरहेको उनको आशंका छ।

यसले संसदीय लोकतन्त्रको शक्ति सन्तुलनको सिद्धान्त कमजोर हुन गई मुलुक अधिनायकवादको बाटोमा फस्ने जोखिम बढाएको भन्दै उनले लेखेका छन्-'भाद्र २३ र २४ को ग़लत प्रवृत्तिका विरुद्ध समयमै सशक्त ढंगले उभिन नसक्दाको नियति समाज र राष्ट्रले अझै भोग्न बाँकी छ जस्तो देखिँदैछ।'

यसैबिच श्रम संस्कृति पार्टीका वरिष्ठ नेता सुदन किराँतीले राष्ट्रिय स्वतन्त्र पार्टी अलोकतान्त्रिक र तानाशाह बन्दै गएको टिप्पणी गरेका छन्।

शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रमबिच हर्कराज राई नेतृत्वको 'श्रम संस्कृति पार्टी' मा प्रवेश गर्दै किराँतीले यस्तो टिप्पणी गरेका हुन्। सरकारले न्यायालयमाथि हस्तक्षेप गरिरहेको आरोप लगाउँदै उनले उनले पार्टीहरू 'धार्मिक संस्था' जस्ता भएको र नेताहरूको 'देवत्वकरण' भइरहेकोमा चिन्ता व्यक्त गरे।

मुलुकका पुराना राजनीतिक दलहरूमा तानाशाही प्रवृत्ति हावी भएको र विचौलियाको घेराबन्दीमा नेतृत्व फसेको आरोप लगाए। पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै नेता किराँतीले आफूले पुरानो दल (नेकपा माओवादी केन्द्र) त्याग्नुको मुख्य कारण आन्तरिक लोकतन्त्रको अभाव र नेतृत्वको कार्यशैली रहेको स्पष्ट पारे। 'सरकार नाजीवादको घोडामा चढेर हिंडिरहेको छ। तर सम्झिइराखोस्, नाजीवाद र फाँसीवाद इतिहासको चिहानमा पुरिइसकेको छ। मैले छोड्ने बेलामा दुई मिनेट बोल्छुभन्दा पनि पाइनँ,' उनले भने-'त्यस्तो स्थितिमा हामी थियौँ। पार्टी र सत्ता सञ्चालनमा भइरहेको अप्राकृतिक हस्तक्षेप अब स्वीकार्य छैन।'

किराँतीले अबको राजनीतिक बाटो 'प्रकृति, संस्कृति र प्रविधि' को समायोजन हुनुपर्नेमा जोड दिए।

## महिला संघ अध्यक्षमा मीना खरेल



बुटवल। नेपाली कांग्रेस निकट नेपाल महिला संघको अध्यक्षमा मीना खरेल नियुक्त भएकी छन्। सभापति गगन थापाले चितवन निवासी खरेललाई महिला संघको अध्यक्षमा नियुक्त गरेका हुन्।

गत निर्वाचनमा चितवन-२ बाट रास्वपा सभापति रवि लामिछानेसँग नवनियुक्त खरेलले प्रतिस्पर्धा गरेकी थिइन्।

असहाय महिला तथा बालबालिकाको क्षेत्रमा खरेलले काम गर्दै आएकी छन्। खरेललाई तोकिएको समयभित्र महाधिवेशन गर्ने कार्यादेश दिइएको छ।

२०७३ सालदेखि महिला संघको निर्वाचन हुन सकेको छैन। यसअघि अध्यक्ष रहेकी उषा मिश्रको समितिले पनि महिला संघको महाधिवेशन गर्न सकेको थिएन।

## संघीय सरकारका गलत काम स्थानीय सरकारले गर्न हुन्न : कांग्रेस

बुटवल। नेपाली कांग्रेसका सभापति गगन थापाले संघीय सरकारले गरेको गलत काम प्रदेश र स्थानीय सरकारले गर्न नहुने बताएका छन्। पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित 'ग्रीन टेबल' छलफल श्रृंखलाअन्तर्गत सुकुम्वासी समस्यासम्बन्धी कार्यक्रममा सभापति थापाले संघीय सरकारले गरेका कमजोरी प्रदेश र स्थानीय सरकारले दोहोऱ्याउन नहुने बताए।

सुकुम्वासी तथा अव्यवस्थित बस्ती व्यवस्थापनका नाममा कानुनभन्दा बाहिर गएर डोजर चलाउने शैली स्वीकार्य नहुने स्पष्ट पारे। कानुन, नीति र योजनाका आधारमा मात्रै समस्या समाधान खोजिनुपर्नेमा जोड दिए।

उनले भने-'कानुनले दिएको अधिकारभन्दा बाहिर गएर केही पनि गर्नुहुँदैन दशकौँदेखि जटिल बन्दै आएको सुकुम्वासी समस्या बल प्रयोगबाट नभई योजनाबद्ध र मानवीय ढंगले समाधान गर्नुपर्छ। वास्तविक सुकुम्वासीको पहिचान, सुरक्षित पुनर्वास, आधारभूत सेवाको सुनिश्चितता र दीर्घकालीन व्यवस्थापनलाई केन्द्रमा राखेर मात्रै कदम चाल्नुपर्छ।'

पार्टीले यस विषयमा छुट्टै टोली बनाएर अनुगमन र मूल्याङ्कन गरिरहेको जानकारी दिँदै ग्रिन टेबलको छलफलबाट आएका सुझावका आधारमा सबै प्रदेश तथा स्थानीय सरकारलाई औपचारिक पत्राचार गरिने पनि जानकारी गराए।

## खारेज गर्ने निर्णयविरुद्ध विद्यार्थी संगठन पुगे सर्वोच्च



बुटवल। विश्वविद्यालयमा विद्यार्थी संगठन खारेज गर्ने निर्णयविरुद्ध विद्यार्थी संगठनले सर्वोच्च अदालत पुगेका छन्।

शुक्रबार संगठनले विद्यार्थी संगठन कायम हुनुपर्ने मागसहितको रिट लिएर सर्वोच्च पुगेका हुन्। उनीहरूले विश्वविद्यालयहरुमा विद्यार्थी संगठन हटाउने सरकारको निर्णय कार्यान्वयन नगराउन माग गरेका छन्।

विचारका आधारमा संगठनमा आबद्ध हुन पाउने अधिकार संविधान प्रदत्त अधिकार भएको उनीहरूको दाबी छ। विद्यार्थी संगठनहरुको खारेज गर्ने सरकारी निर्णय स्वेच्छाचारी भएको उल्लेख गर्दै सरकारी निर्णय कार्यान्वयन नराउन अन्तरिम आदेशको माग गरिएको छ।

आठ विद्यार्थी संगठनले सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र गृह मन्त्रालयलाई विपक्षी बनाएर निवेदन पेस गरेका छन्।

## सुदन किराँती श्रम संस्कृति पार्टीमा प्रवेश

बुटवल। पूर्वमन्त्री सुदन किराँती श्रम संस्कृति पार्टीमा प्रवेश गरेका छन्। शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममार्फत् श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले किराँतीलाई पार्टीमा भित्र्याएका हुन्।

वरिष्ठ नेतासहित दोस्रो वरीयतामा श्रम संस्कृति पार्टीको उपाध्यक्षको जिम्मेवारीमा रहने सहमति भएको छ।

किराँती पक्षले वरिष्ठ नेतासहित एक उपाध्यक्ष, एक सचिव र १५ जना केन्द्रीय सदस्य पाउने छन्। सुदनको टीमबाट आउनेहरूमा अधिकांश प्रलोपाबाट रहेका छन्। जेनजी आन्दोलनपश्चात प्रचण्डले माधव नेपालसहितलाई ल्याएर पार्टी एकता गरेपछि असहमति जनाउँदै उनी जनार्दन शर्मासहित प्रलोपामा लागेका थिए। पूर्वमन्त्री सुदन किराँतीले श्रम संस्कृति पार्टीमा देशभरका नागरिकलाई सहभागी हुन आह्वान गरेका छन्।

हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीमा भित्रँदै किराँतीले पुराना राजनीतिक दलहरूले जटिल भाषाशैली र नारामार्फत जनतालाई भ्रमित बनाएको आरोप लगाए।

उनले भने-'देशलाई माया गर्ने, जनताप्रति निःस्वार्थ भएर लाग्ने सबै शक्ति, समूह र व्यक्तिहरूलाई श्रम संस्कृति पार्टीमा मूल ढोका खुला छ। अब ३ करोड नेपाली नै श्रम संस्कृति पार्टी, श्रम संस्कृति पार्टी नै ३ करोड नेपाली भन्ने नारासहित अघि बढ्नुपर्ने समय आएको छ।'

नयाँ शक्तिका नाममा पनि जनतामा निराशा फैलिएको टिप्पणी गरे।उनले थपे-'अबको राजनीतिक अभियानको केन्द्र पूर्वी नेपाल बन्छ। माओवादी जनयुद्धको इपिसेन्टर रोल्पा-रुकुम थियो, २०७२ सालको भूकम्पको इपिसेन्टर बारपाक थियो, अबको शक्ति र विचारको पूर्वबाट उदाउँछ। घाम पूर्वबाट उदाउँछ, तर पश्चिमलाई अन्याय गर्दैन।'

## इन्धनमा मूल्यवृद्धिले यातायात व्यवसायी मारमा परेको गुनासो



बुटवल। पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदा यातायात व्यवसायीलाई थप चुनौती थपिएको सरोकारवालाहरुले गुनासो गरेका छन्। आर्थिक मन्दी, सडकको दुरावस्थाले समस्या भोगिरहेको अवस्थामा इन्धनमा ह्वात्तै मूल्यवृद्धि हुँदा थप समस्या भोग्नु परेको यातायात व्यवसायीले गुनासो गरेका छन्।

बुटवल यातायात प्रालिको शुक्रबार बुटवलमा सम्पन्न पाँचौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनमा बोल्ने व्यवसायीले निजी क्षेत्रको लगानीबाट चलेका पेशा, व्यवसाय संकटमा परेको बताए। धेरै चुनौहरुको सामाना गरेर पनि व्यवसायीले आम नागरिकलाई समयको माग अनुसारको सेवा दिएको दाबी समेत उनीहरुले गरे।

कार्यक्रमका बुटवल यातायात प्रालिका पूर्व अध्यक्ष डिलबहादुर थापाले यातायात व्यवसायीको लगानीको सुरक्षा गर्ने दायित्व राज्यको भएको बताए। निजी क्षेत्रका यातायात व्यवसायीले नागरिकलाई सेवा दिने हो, राज्यले लगानीको सुरक्षा र लगानीमैत्री बतावरण बनाइदिने दायित्व राज्यको भएको अध्यक्ष थापाले बताए।

साधारणसभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै प्रालिका अध्यक्ष रवीन्द्रमान श्रेष्ठले यातायात क्षेत्र सुधारका लागि व्यवहारिक खालको दीर्घकालिन नीति ल्याउन राज्यसँग माग गरेका छन्। अध्यक्ष श्रेष्ठले आर्थिक मन्दी, इन्धन मूल्यवृद्धि तथा सडकको अवस्थालगायतका यातायात क्षेत्रका विभिन्न चुनौतीबिच पनि संस्थाले उल्लेखनीय प्रगति गरेको र गुणस्तरीय सेवा दिएको बताए। सेवाको गुणस्तर सुधार, यात्रुको विश्वास कायम राख्ने तथा आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेर काम गरिएको बताउँदै अध्यक्ष श्रेष्ठले प्रा.लि.मा हाल साना-ठूला गरी ३७५ वटा सवारी साधन रहेको र दैनिक झण्डै ५ हजार यात्रुलाई सेवा दिइरहेका बताए।

अध्यक्ष श्रेष्ठले संस्थाले आगामी दिनमा डिजिटल प्रणाली विस्तार, नयाँ सवारीसाधन थप, सेवा क्षेत्रमा विविधिकरण तथा वातावरणमैत्री यातायात प्रणालीलाई प्राथमिकतामा राखेको बताए।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर



२०८३ बैशाख २६ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

"चाहे वनका रुखहरू होस्
चाहे भीरको ढुंगा
यहाँ प्रत्येक वस्तुमा कीर्ति खोपिएको छ,
इतिहास लेखिएको छ।"

– अजम्बरध्वज खाती

**अनुदित कथा**

# अमृतसर आ गया (अमृतसर आयो)

**मूलकथा:** **भीष्म साहनी**

*अनुवादकः* *जंगबहादुर शाह*

(८ अगस्त १९१५ मा भारतको रावलपिण्डीमा जन्मिएका भीष्म साहनी आधुनिक हिन्दी साहित्यको एक प्रमुख स्तम्भ मानिन्छन्। प्रेमचन्दको यथार्थवादी लेखन परम्परालाई विकसित गर्ने साहनीको प्रसिद्ध उपन्यास 'तमस' निकै चर्चित उपन्यास मानिन्छ। उनका 'मायादास की माडी', 'हानुस', 'कबीरा खडा बाजार में' 'भाग्य रेखा' जस्ता चर्चित रचनाहरू प्रकाशित छन्। उनी पद्म भूषण, सोवियत लैंड नेहरू पुरस्कार लगायत उपाधिहरूबाट सम्मानित थिए। ११ जुलाई २००३ मा उनको निधन भएको थियो।)

रेलगाडीको डिब्बामा धेरै यात्री थिएनन्। मेरो सामुन्नेको सीटमा बसेका सरदारजी (सिख समुदायका व्यक्ति)ले मलाई निकै समयदेखि लडाइँका खिस्सा सुनाइरहेका थिए। तिनी युद्धकालमा बर्मा (म्यानमार)को लडाइँमा सामेल थिए र बातैपिच्छे "खी-खी" गरी हाँस्दथे र गोरा फौजीहरूको खिल्ली उडाउँदथे। डिब्बामा तीन पठान (पाकिस्तानको प्रान्त खैबर पख्तून रुवाका मूल निवासी) व्यापारी पनि थिए। तीमध्ये एउटा, हरिया लुगा लगाएको व्यक्ति, माथिल्लो बर्थ (Berth) मा लेठेको थियो। त्यो मान्छे निकै विनोदी थियो र निकै समयदेखि मेरो सीटको बगलमा बसेको एकजना दुब्ला-पातला बाबूसँग त्यसको मजाक चलिरहेको थियो। त्यो दुब्लो-पातलो बाबू, पेशावर-निवासी जस्तो लाग्दथ्यो किनभने कहिलेकाहीं त्यो पश्तोमा (पश्तो=पिठानहरूको भाषा) कुरा गर्न थाल्दथ्यो। मेरो सामुन्ने दाहिनेतिर कुनामा एउटी वृद्धा, सिर-मुख ढाकेर बसेकी थिई जो निकै समयदेखि माला जपिरहेका थिई। यस्तै केही मानिसहरू थिए डिब्बामा सम्भव छ कि दुई-एक मुसाफिर अरु पनि थिए होलान्। तर, तिनीहरूबारे मलाई स्पष्ट याद छन्। रेलगाडी मन्दगतिमा गुडिरहेको थियो र गाडीमा बसेका मानिसहरू बात मारिरहेका थिए र बाहिर गहुँका खेतमा हावाका कारण हल्का-हल्का लहर उठीरहेका थिए। अनि मचाहिं मनैमन खुश थिएँ किनभने म दिल्लीमा हुने स्वतन्त्रता-दिवस समारोह हेर्न गइरहेको थिएँ।

ती दिनहरूबारे सोच्दा लाग्दछ कि हामीहरू कुनै मिरमिरेमा बाँचिरहेका छौं। शायद, समय विगत हुँदा अतीतका सारा व्यापार नै मिरमिरेमा बितेकोजस्तो लाग्दछ। जब-जब भविष्यका ढोका खुल्दै जान्छन् यो मिरमिरे झन् गहन हुँदै जान्छ। तिनताका नै पाकिस्तान बनाइने घोषणा गरिएको थियो र मानिसहरूले नाना प्रकारका अनुमान लगाउन थालेका थिए कि भविष्यमा जीवनको रूपरेखा कस्तो होला। तर, कसैका कल्पना पनि धेरै टाढासम्म जान सक्दैनथ्यो। मेरो सामुन्ने बसेका सरदारजी मसँग बारम्बार सोधिरहेका थिए कि पाकिस्तान बनेपछि जिन्ना (पाकिस्तान निर्माता मुहम्मद अली जिन्ना) साहब बम्बई- (मुम्बई) मा नै बस्नुहोला वा पाकिस्तान गएर बस्नुहोला अनि हर बार यही जवाफ हुन्थ्यो– बम्बई किन छाड्नुहोला, पाकिस्तानमा आवतजावत भइरहला। बम्बई छाड्नुमा के तुक छ! लाहौर र गुरदाँसपुर- (वर्तमान भारतीय पंजाबको पश्चिमी शहर) बारे पनि अनुमान लगाइँदै थिए कि कुनचाहिं शहर कतातिर जाला। मिलेर बस्ने ढंगमा, गफ गर्ने र हँसी-मजाकमा कुनै खास अन्तर आएको थिएन। कतिपय मानिस आफ्ना घर छाडेर जाँदै थिए जबकि अन्य मानिस तिनको मजाक उडाउँदै थिए। कसैलाई थाहा थिएन कि कुनचाहिं कदम ठीक होला र कुनचाहिं गलत। एकातिर पाकिस्तान बनेको जोश थियो त अर्कोतिर हिन्दुस्तान आजाद भएको जोश। ठाउँ-ठाउँमा दंगा-फसाद पनि भइरहेका थिए र स्वतन्त्रता-दिवसको तैयारी पनि चलिरहेको थियो। यस्ता पृष्ठभूमिमा लाग्दथ्यो कि देश आजाद भएपछि दंगा-फसाद आफसेआफ बन्द हुनेछन्। वातावरणको यस झिसमिसेमा स्वतन्त्रताको सुनौलो धुलोजस्तो उडिरहेको थियो र साथसाथै अनिश्चय पनि डुलिरहेको थियो र, यस्तै अनिश्चयको स्थितिमा कुनै बखत भावी सम्बन्धको रूपरेखा झुल्किन्थ्यो।

शायद, जेहलमको स्टेशन पछि छुटिसकेको थियो जब माथिको बर्थमा बसेको पठानले एउटा पोको खोल्यो र त्यसबाट उसिनेको मासु र नान-रोटीका टुक्रा झिकिझिकी आफ्ना साथीहरूलाई दिन थाल्यो। त्यसपछि हँसी-मजाकको बीचमा, मेरो बगलमा बसेको बाबूतिर पनि नानको टुक्रा र मासुको चोक्टा अगि सार्दै खाने आग्रह गर्न थालेको थियो– "खाऊ बाबू! तागत आउनेछ, हामीजस्ता हुनेछौ। पत्नी पनि तिमीसँग सन्तुष्ट रहनेछिन्। दाल खानेवाला! तिमी दाल खान्छौ, यसैकारण तिमी मरन्च्यासे छौ।" डिब्बामा मानिसहरू हाँस्न थालेका थिए। बाबूले पश्तोमा जवाफ दियो र मुस्कुराएर मुण्टो हल्लाइरह्यो।

त्यत्तिकैमा अर्को पठानले हाँस्दै भन्यो– "हाम्रो हातबाट लिन्नौ भने आफ्नै हातले उठाऊ। खुदा कसम, खसीको मासु हो, अन्य जनावरको होइन।" माथि बसेको पठानले चहकँदै भन्यो– "ए खैंजडीको पुच्छर! यता तिमीलाई कसले देखेको छ? हामीले तिम्री पत्नीलाई भन्ने छैनौं। ओए! तिमी हामीसँग बसेर रोटी खाऊ, हामी तिमीसँग बसेर दाल पिउनेछौ।" यस्तो भनाइ सुनेपछि खित्का छुटे, तर दुब्लो-पातलो बाबूले हाँस्दै मुण्टो हल्लाइरह्यो र यदाकदा दुई शब्द पश्तोमा पनि भनिदिन्थ्यो। "आए! कति नराम्रो कुरा हो! हामी खाँदै छौं र तिमी हाम्रो मुख हेर्दैछौ।" "तिमीले हात धोएका छैनौ, यसकारण यिनले नलिएको हो।" यसो भनेर स्थूलकाय सरदारजी "खी-खी" गर्दै हाँस्न थाले। आधार लेटेको मुद्रामा सरदारजीको आधा भुँडी सीट तल्तिर झुण्डिएको थियो। "तिमी भर्खरै सुतेर उठेका हौ र उठ्ने बित्तिकै पोको खोलेर खान थाल्यौ। यसैकारण बाबूजीले तिम्रो हातबाट लिएनन्। अन्य कुनै कारण छैन।" त्यति भनेर सदरदारजीले मतिर हेर्दै आँखो झिम्क्याए र "खी-खी" गर्न थाले। "मास खान्नौं भने जनाना डिब्बामा गएर बस। यहाँ के गर्दैछौ?" फेरि खित्का छुटे।

डिब्बामा अरु पनि अनेक मुसाफिर थिए, तर मुसाफिर यिनी नै थिए जो यात्रा शुरु हुने बेलादेखि गाडीमा बसेका थिए। अन्य यात्रीहरू त उत्रने-चढ्नेवाला थिए। पुराना यात्री भएका नाताले तिनीहरूमा एक प्रकारको अपनत्व आएको थियो। "ओए! यता आएर बस। तिमी मसँग बस। ओए जुलुमी! किस्सा-कहानीका कुरा गरौं।" त्यतिखेर गाडी कुनै स्टेशनमा रोकिएको थियो र यात्रीरुको घुँइचो भित्र पसेको थियो। धेरै यात्रीहरू एकसाथ भित्र हल्लिंदै आइरहेका थिए।

"कुन स्टेशन हो?" कसैले सोध्यो।

"वजीराबाद हो शायद।" मैले बाहिरतिर हेर्दै भने।

गाडी त्यहाँ अलिबेरसम्म रोकियो, तर छुट्नु अगि एउटा सानोजस्तो घटना घट्यो। एउटा मानिस साथवाल डिब्बाबाट पानी लिन झर्‍यो र धारामा गएर लोटामा पानी थाप्न थाल्यो। त्यत्तिकैमा त्यो दुगुरेर आफ्नो डिब्बातिर फर्की आयो। छल्कँदै गरेको लोटाबाट पानी खसिरहेको थियो। तर, जसरी त्यो दुगुरेको थियो, त्यसले धेरै कुरा बताइदिएको थियो। धारानेर तीन-चारजना अरु पनि उभिएका थिए। यसरी आत्तिएर दुगुरेका मानिसहरू मैले देखिसकेको थिएँ। हेर्दाहेर्दै प्लेटफाम सुनसान भयो। तर, डिब्बाभित्र अहिले पनि हँसी-मजाक चलिरहेको थियो। "कतै केही गडबड भएको छ।" मसँगै बसेका दुब्ला बाबूले भने। कतै केही थियो, तर के थियो, सकैलाई स्पष्टतया थाहा थिएन। मैले अनेक दंगा देखिसकेको थिएँ, यसकारण वातावरणमा हुने छोटो परिवर्तनको पनि मलाई आभास भइसकेको थियो। दुगुरिरहेका मानिस, झटपट थुनिने ढोकाहरू, घरका छतमा उभिएका मानिस, चुप्पी र सन्नटा, सबै दंगाका चिह्न थिए। त्यत्तिकैमा पछिल्तिरको ढोकातिर, जो प्लेटफार्मको अर्कोतर्फ थियो, हल्का शोर भयो। कुनै मुसाफिर भित्र पस्न खोज्दै थियो। "कता पस्ने प्रयास गर्दैछौ? ठाउँ छैन। भनिदिएँ कि ठाउँ छैन।" कसैले भन्यो।

"ढोका बन्द गरिदेऊ। जबरजस्ती गरेर हुन्छ।" समवेत स्वर सुनियो।

जतिबेरसम्म बाहिर मुसाफिरले भित्र पस्ने प्रयास गर्दथ्यो, भित्र बसेकाले त्यति नै बेरसम्म त्यसको प्रतिरोध गरिरहन्थे। तर, त्यो मान्छे येनकेन प्रकारेण भित्र पुगेपछि विरोध समाप्त हुन्छ र त्यो यात्री छिटै डिब्बाको दुनियाँको निवासी बन्दछ र अगाडि आउने स्टेशनमा त्यहीं, बाहिर उभिएका मुसाफिरहरूमाथि कराउन थाल्दछ– "छैन ठाउँ। अर्को डिब्बामा जाऊ। जबरजस्ती गरेर हुन्छ!"

ढोको-नजिक कोलाहल बढिरहेको थियो। त्यसै बखत, मैला लुगा लगाएको, लत्रिएका जुँगावाला एउटा व्यक्ति ढोकाबाट भित्र पसिरहेको देखियो। तेलको मैल लागेका लुगा, अवश्य नै कुनै हलुवाइको दोकान गर्दो होला। त्यसले मानिसहरूका गुनासा र हो-हल्लातिर ध्यान नदिईकन, ढोकातिर फर्केर कालो रंगको ठूलो बाकसलाई भित्र घसार्न थाल्यो। "आऊ, आऊ! तिमी पनि चढिहाल।" त्यो आफ्नो पछाडि अभिएका कसैलाई तारन्तार भनिरहेको थियो। त्यसै बखत ढोकामा एउटी मरन्च्याँसे आइमाई देखिई र त्यसको पछि सोह्र-सत्र वर्षकी एउटी श्यामा भित्र आई। मानिसहरू अझै पनि कराइरहेका थिए। सरदारजीलाई उठेर बस्नुपर्‍यो। "बन्द गरिदेऊ ढोका नसोधीकन चढ्छन्। आफ्नो बाउको घर ठानेका छन्। भित्र पस्न नदेऊ! के गरेको? पछाडितिर घचेटिदेऊ...।" अरु मानिसहरू पनि कराउँदै थिए। त्यो मान्छे आफ्नो सामान घसार्दै थियो र त्यसकी पत्नी र छोरी शौचालयको ढोकासँग टाँसिएर उभिएका थिए।

"अरु कुनै डिब्बा पाइएन? आइमाईहरूलाई पनि यतै ल्याएको?"

त्यो व्यक्ति पसीनाले भिजेको थियो र हाँप्दै सामान भित्रतिर घसारिरहेको थियो। बाकसपछि, बाँधिएका खाटका पाटीहरूलाई भित्र तान्न शुरु गर्‍यो। "टिकट छ ज्यू मसँग, बेरिकट होइनँ।" त्यति सुनेपछि डिब्बाका धेरै मानिस चुप लागे तर बर्थमा बसेको पठानले उम्लिंदै भन्यो– "निस्किहाल यहाँबाट। देख्दैनौ, यहाँ ठाउँ छैन।"

त्यसो भनेर पठान तुरुन्तै अगि बढेर त्यस यात्रीलाई लात्तीले हान्यो। तर, लात त्यसलाई नलागेर त्यसकी पत्नीको कलेजोमा लाग्यो र त्यो त्यहीं ऐया भन्दै थचक्क बसी। तर, त्यो मान्छेसँग, यात्रीहरूसँग अल्झिने समय थिएन। त्यसले तारन्तार आफ्नो सामान भित्रतिर घसारिरह्यो। तर, डिब्बामा मौन छायो। खाटा पाटीहरू पछि ठूला-ठूला पोका-पन्तेरा आए। त्यसो हुँदा माथि बसेको पठानको सहनशक्ति समाप्त भयो र करायो– "निकाल यसलाई! को हो यो?"

प्रतिक्रियामा तलको सीटमा बसेको पठानले त्यस मान्छेको बाकस ढोकाबाट बाहिर धकेलिदियो जहाँ रातो बर्दीवाला कुल्लीले उभिएर सामान भित्र पुर्‍याउँदै थियो। त्यसकी पत्नीलाई चोट लागेपछि कतिपय यात्रीहरू चुप लागेका थिए। केवल कुनामा बसेकी वृद्धा करकर गर्दै थिइन्– "हे भलादमी हो! बस्न देऊ। आइजा छोरी! मसँग बस। जसतस सफर पूरा गरौंला। छाडिदेऊ हे जुलुमीहरू! बस्न देऊ।"

त्यति बेलासम्म आधा सामान नै भित्र आएको थियो कि गाडी गुड्न थाल्यो। "छुट्यो सामान छुट्यो।" त्यो मान्छे आत्तिएर करायो। "बाबा! सामान छुट्यो।" शौचालयको ढोकानेर उभिएकी केटीको सर्वांग काँपिरहेको थियो। त्यो तारन्तार कराइरहेकी थिई। "झर, तल झर!" त्यो मानिस हडबडाएर करायो र अगि सरेर खाटा पाटीहरू र पोका-पन्तेरा बाहिर फाल्दै गाडीको ह्याण्डिल समातेर तल झर्‍यो। त्यसको पछि त्यसको व्याकुल छोरी र पछि त्यसकी पत्नी कलेजोलाई दुवै हातले च्याप्दै, 'ऐया-ऐया' गर्दै तल झरे।

"बहुत नराम्रो काम गर्‍यौ तिमीहरूले, धेरै नराम्रो काम गर्‍यौ।" वृद्धा चर्को स्वरमा भन्दै थिईन्। तिमीहरूको दिलमा पीडा मरिसक्यो। सानी केटी तिनीहरूका साथमा थिई, निर्दयीहरू! तिमीहरूले बहुतै नराम्रो काम गर्‍यो। घचेटेर झारिदियौ।" गाडी निर्जन प्लेटफार्मलाई नाघ्दै अगि बढ्यो। डिब्बामा व्याकुलापूर्ण निस्तब्धता व्याप्त भयो। वृद्धाले बोल्न बन्द गरिदिएकी थिइन्। पठानहरूको विरोध गर्ने साहस भएन। त्यत्तिकैमा मेरो बगलमा बसेको बाबूले मेरो पाखुरामा हात राख्दै भने– "आगो छ, आगो लागेको छ।"

गाडी प्लेटफार्म छाडेर अगाडि पुगिसकेको थियो। शहर पछि छुट्न थालेको थियो। त्यसै बखत शहरतिरबाट उठिरहेका धूवाँका बादल र तिनमा लपलप गरिरहेका आगोका लप्का देखिन थाले। "दंगा भएको छ। स्टेशनमा पनि मानिसहरू भाग्दै थिए। कतै दंगा भएको छ।" शहरमा आगो लागेको थियो। यो कुरा डिब्बामा बसेका सबैलाई थाहा भइसकेको थियो र तिनीहरूले हस्याङ-फस्याङ गर्दै झ्यालबाट आगोको दृश्य हेर्न थाले।

जब गाडी शहर छाडेर अगाडि पुग्यो तब डिब्बामा नीरवता व्याप्त भयो। मैले फर्केर डिब्बको भित्रतिर हेरें। दुब्ला बाबूको अनुहार पहेंलो भएको थियो र माथामा पसीनाको थोपा कुनै मर्दाको छायाझैं टल्किरहेको थियो। मलाई लाग्यो कि आ-आफ्ना ठाउँमा बसेका सबै यात्रीहरूले आफ्नो आसपासमा बसेका सबै मानिसहरूको आकलन गरिसकेका छन्। सरदारजी उठेर मेरो सीटमा बसे। तलको सीटमा बसेको पठान उठ्यो र आफ्ना दुई साथी पठानहरूको साथ माथि बर्थमा उक्लियो। यस्तै प्रक्रिया, शायद, रेलगाडीका अन्य डिब्बामहरूमा पनि चलिरहेको थियो। डिब्बामा तनाव आयो। मानिसहरूले बोल्न बन्द गरिदिए। तीनका तीन पठान माथिल्लो बर्थमा एकसाथ बसेर चुपचाप तल्तिर हेरिरहेका थिए। सबै यात्रीहरूका आँखा पहिलेभन्दा अधिक विस्फारित र धेरै सशंकजस्ता देखिए। यस्तै स्थिति गाडीका अन्य डिब्बामा पनि थियो।

"कुनचाहिं स्टेशन थियो यो?" डिब्बामा कसैले सोध्यो।

"वजीराबाद।" कसैले उत्तर दियो। जवाफ आएपछि डिब्बामा एउटा अर्को प्रतिक्रिया आयो। पठानहरूको मनको तनाव अलि कम भयो भने हिन्दू र सिखहरूको मौनता झन गहन भयो। एउटा पठानले आफ्नो आस्कोटको गोजीबाट सुँघनीको एउटा डिब्बा झिक्यो र नाकमा सुँघनी चढाउन थाल्यो। अन्य पठानले पनि आ-आफ्ना डिब्बा झिकेर सुँघनी चढाउन थाले। वृद्धाले लगातार माला जपिरहेकी थिइन्। कुनै बखत तिनका ओठ बुदबुदाएका देखिन्थे र लाग्दन्थ्यो कि त्यहाँबाट कुनै खोक्रो आवाज निस्किरहेको छ।

अगाडिको स्टेशनमा जब गाडी रोकियो तब त्यहाँ पनि सन्नता थियो। कुनै चरो पनि देखिएन। एउट भिश्ती भने पिठ्यूँमा पानीको मशक (छालको ठूलो थैलो) लादेर प्लटफार्म पार गरी आयो र यात्रीहरूलाई पानी खुवाउन थाल्यो।

"लौ खाऊ पानी। पानी खाऊ।" लेडीज कम्पार्टमेन्ट (महिलाहरू बस्ने डिब्बा)बाट आइमाई र बच्चाहरूका अनेक हात बाहिर निस्किए।

बहुत काटमार भएको छ। धेरै मानिस मरेका छन्। लाग्दथ्यो त्यो यस्तो मारकाट भएको बेलामा एक्लै पुण्य कमाउन निस्केको हो।

गाडी गतिमान हुँदा डिब्बाका झ्याल बन्द हुन थाले। टाढा-टाढासम्म, गाडीको गडगडाहटका साथ झ्यालका पल्ला चढाइइएको आवाज आउन थाल्यो।

कुनै अज्ञात आशंकावश, दुब्लो बाबू मेरो नजिकको सीटबाट उठेर, दुवैतिका सीटका माझमा भुइँमा लेट्यो। त्यसको अनुहार अझै पनि मुर्दाको जस्तो पहेंलो थियो। त्यसले त्यसो गर्दा बर्थमा बसेको पठानले त्यसको मखौल उडाउन थाल्यो– "ओए बेशरम! तिमी मर्द हौ कि महिला? सीटबाट उठेर तल भुइँमा पल्टिएका छौ? तिमी मर्दको नाम बदनाम गर्दछां।" त्यो यसो भन्दाखेरि बारम्बार हाँसिरहेको थियो। पछि त्यसले पश्तोमा केही भन्न थाल्यो। बाबू चुपचाप लेटिरह्यो। अरु सबै मुसाफिर चुप थिए। डिब्बाको वातावरण बोझिल भएको थियो।

"यस्तो मानिसलाई म डिब्बामा बस्न दिन्नँ। ओए बाबू! आउने स्टेशनमा झरेर जनाना डिब्बामा गई बस्नू।" तर, बाबूको हाजिरजवाफी त्यसको कण्ठमा सुक्न थालेको थियो। त्यो भकभकाएर चुप भयो। तर, अलिबेरपछि त्यो स्वयं उठेर सीटमा गई बस्यो र निकैबेरम्म आफ्नो लुगाको धुलो झारिरह्यो। त्यो सीटबाट उठेर किन तल पल्टिएको थियो? शायद, त्यसलाई भय थियो कि बाहिरबाट गाडीमा पथराव होला अथवा गोली चल्नेछ। शायद, यसैबार झ्यालका पल्ला चढाइँदै थिए। केही पनि भन्न कठिन थियो। हुन सक्छ कि यात्रीले कुनै कारणवश झ्यालको पल्ला चढायो होला। त्यसको देखासिकी गर्दै अरुले पनि, केही सोच-विचार नगरीकन, घडाघड झ्यालका पल्ला चढाउन थालेका थिए। बोझिल र अनिश्चितजस्तो वातावरणमा सफर कट्न थाल्यो। रात गहिरो हुँदै गयो। डिब्बामा यात्री स्तब्ध र सशंक ज्यूँकात्यूँ बसेका थिए। कुनै बेला गाडीको गति मत्थर हुन लाग्दा यात्रीहरूले परस्पर हेर्ने गर्दथे। कहिले बाटैमा रोकिंदा, डिब्बा भित्रको नीरवता झन गहन हुन्थ्यो। पठानहरू मात्र निश्चिन्त बसेका थिए तर तिनीहरूले पनि बात मार्न बन्द गरिदिएका थिए किनभने कोही पनि वार्तालापमा सामेल हुनेवाला थिएन।

पठानहरू सुस्त-सुस्त उँघ्न लागेका थिए भने अन्य यात्रीहरू आँखा च्यातेर शून्यमा हेरिरहेका थिए। वृद्धा मुखसिर ढाकेर, खुट्टा सीटमाथि राखेर, बसी-बसी निदाएकी थिइन्। माथिको बर्थको पठानले आधा लेटेको अवस्थामा नै गोजीबाट तसवीह (जप गर्ने माला)झिकेर शनैःशनैः हातले चलाउन थाल्यो।

झ्याल बाहिर चन्द्रमा निस्किएको थियो र चाँदनीमा बाहिरको दुनियाँ झन अनिश्चित र झन् रहस्यमय भएको थियो। कहिलेकाहीं टाढा कतै आगोका ज्वाला देखिन्थे, कुनै शहर जलिरहेको थियो। गाडी कुनै समय तेज गतिमा गुड्दथ्यो त कहिले मन्द गतिमा धेरै माइल गुड्दथ्यो।

सहसा दुब्लो बाबूले झ्यालबाट बाहिर हेर्दै उच्च स्वरमा भन्यो– "हरबंसपुरा पार गरियो।" त्यसको स्वरमा उत्तेजना थियो, त्यसकारण त्यो उच्च स्वरमा बोलेको थियो। डिब्बाका सबैजना त्यसको आवाज सनेर चौकिए। त्यस बखत डिब्बाका अधिकांश मुसाफिरहरूले मानों त्यसको आवाज सुनेर नै कोल्टे फेरे।

"ओ बाबू! किन कराएको?" जपमालावाला पठानले चौंकेर भन्यो– "यतै ओर्लने हो तिमी? जंजीर तानूँ! (गाडी रोक्नका लागि चेन पुल गरुँ!) त्यति भनेर त्यो "खी-खी" गर्दै हाँस्यो। जाहेर छ कि त्यो हरबंसपुराको स्थिति वा त्यसको नामले अपरिचित थियो। बाबूले कुनै उत्तर दिएन। मुण्टोमात्र हल्लायो र एकाधपटक पाठनतिर हेरेर फेरि झ्यालबाहिर चियाउन थाल्यो। डिब्बामा फेरि मौनता छायो। त्यत्तिकैमा इंजनले सीटी बजायो र त्यसको रफ्तार अलि कम भयो। अलिबेरपछि 'खटाक' जस्तो आवाज पनि आयो। शायद, गाडीले लीक बदली गरेको थियो। बाबूले गाडी गुडिरहेको दिशातिर चियायो।

"शहर आइपुग्यो।"

त्यो फेरि चर्को आवाजमा करायो– "अमृतसर आयो!" त्यसले फेरि भन्यो र उफ्रेर उभियो र माथिको बर्थमा लेटेको पठानलाई सम्बोधित गर्दै करायो– "जो बे पठानको बच्चा! तल झर! तेरी आमालाई...तल झार...तेरो त्यो पठान बनाउने आइमाईलाई म...।" बाबू कराउन थाल्यो र ठूलो स्वरमा गाली दिन थाल्यो। जपमालावाला पठानले कोल्टे फेर्‍यो र बाबूतिर हेर्दै भन्यो– "यो के हो बाबू? मलाई केही भन्यौ?" बाबुलाई उत्तेजित देखेर अन्य यात्री पनि उठेर बसे। "तल झर! तेरो म हिन्दू आइमाईलाई लात हान्छस् हरामज्यादा (वर्णसंकर)! तेरो त्यो...।" "ओए बाबू! बकबक नगर! ओएर खैंजडीको औलाद। म भन्दैछु। गाली नदेऊ। म तिम्रो जिब्रो थुतिदिनेछु।" "गाली दिन्छस् मादर...।" बाबू करायो र उफ्रेर सीटमाथि चढ्यो र त्यो आपादमस्तक काँपिरहेको थियो।

"भयो-भयो!" सरदारजीले भने– "यो लड्ने ठाउँ होइन। अलिबेरको यात्रा बाँकी छ। शान्त भएर बस।" "तेरो खुट्टा भाचिनँ भने भन्नू। गाडी तेरो बाउको हो?" बाबू करायो। "ओए! मैले के भनें? सबैले त्यसलाई निकाल्दै थिए, मैले पनि निकालें। यसले यता मलाई गाली गर्दैछ, म यसको जिब्रो थुत्नेछु।" वृद्धा फेरि बीचमा बोलिन्– "हे बाँच्न योग्य मानिसहरू! शान्तिपूर्वक बस। हे परमात्माका भक्तहरू! अलिकति होश गर!" तिनका ओठ कुनै प्रेतका ओठजस्तै फडफडाइरहेका थिए। त्यहाँबाट क्षीण फुसफुसाहट, निस्किएको सुनिन्थ्यो। बाबू कराइरहेको थियो– "आफ्नो घरमा बाघ बन्दै थिइस्। अब बोल! तेरो त्यो पठान बनाउने व्यक्तिलाई म...।" त्यत्तिकैमा गाडी अमृतसरको प्लेटफार्ममा रोकियो। प्लेटफार्म मानिसहरूले खचाखच भरिएको थियो। प्लेटफार्ममा उभिएका मानिसहरूले झाँक्दै थिए– "पछाडि के भइरहेछ? दंगा कहाँ भएको थियो?"

कोचाकोचगरी भरिएको प्लेटफार्ममा शायद यसै कुराको चर्चा चलिरहेको थियो कि पछाडि के भएको थियो? प्लेटफार्ममा उभिएका दुई-तीन सोमचावालानेर भीड जम्मा हुन थाल्यो। एक्कासि सबैलाई भोक र प्यासले सताउन थालेको थियो। यसै दौरान, तीन-चार पठान हाम्रो डिब्बाबाहिर प्रकट भए र झ्यालबाट झाँक्दै भित्रतिर हेर्न थाले। आफ्ना पठान साथीहरूलाई देख्नासाथ तिनीहरूले पश्तोमा कुरा गर्न थाले। मैले फर्केर हेरें, बाबू डिब्बामा थिएन। त्यो, डिब्बाबाट कहिले बाहिर निस्कियो, थाहा नै भएन। म सशंक भएँ। त्यो रिसाएर विक्षिप्तजस्तो हुँदै थियो। कुन्नि के गरिहालोस् त्यसले। तर, यसै समय डिब्बाका तीनैजना पठान आ-आफ्ना पोका-पन्तेरा बोकेर बाहिर निस्किए र आफ्ना पाठन साथीहरूका साथ गाडीको अगिल्ला डिब्बातिर लागे। जो भारत-विभाजनपूर्व प्रत्येक डिब्बाभित्र हुन्थ्यो, अब पूरै गाडीको स्तरमा हुन थालेको थियो। सोमचावालाहरूको चारैतिरको भीड पातलिन थालेको थियो। मानिसहरू आ-आफ्ना डिब्बामा फर्कन थाले। त्यत्तिकैमा सहसा एकातिरबाट मैले त्यो बाबू आइरहेको देखे। त्यसको अनुहार अझै पनि धेरै पहेंलो थियो र माथामा केशको लट्टा झुलिरहेको थियो। त्यो नजिक पुगेपछि मैले देखें कि त्यसले दाहिना हातमा फलामको छड उचालेको थियो। कुन्नि त्यसले त्यो छड कहाँ पाएको थियो। डिब्बामा पस्ने बेलामा त्यसले छडलाई आफ्नो पिठयूँतिर पारेको थियो र मेरो बगलको सीटमा बस्नुभन्दा पहिले त्यसले सुस्तरी सीटमुनि राखिदिएको थियो। तर, डिब्बामा पठानहरूलाई नदेखेपछि त्यसले हडबडाएर चारैतिर हेर्न थाल्यो। "भागी गए हरामी मादर...सबका सब गए।" त्यति भनेर त्यो आत्तिदै जुरुक्क उठ्यो र करायो– "तिमीहरूले तिनलाई किन जान दियौ? तिमीहरू सब नामर्द हौ, कायर।" तर, गाडीमा धेरै भीड थियो। धेरै नयाँ यात्री आएका थिए। कसैले त्योतिर विशेष ध्यान दिएन। गाडी चल्न थालेपछि त्यो मेरो सीटमा बस्यो, तर त्यो निकै उत्तेजित थियो र लगातार बडबडाइरहेको थियो। सुस्त-सुस्त हल्लिंदै गाडी गतिमान भइरह्यो। डिब्बाका पुराना यात्रीहरूले पेटभर पूरी खाएका थिए र पानी पनि खाएका थिए र गाडी त्यो इलाकातिर जान थालेको थियो जता ज्यान-मालको खतरा थिएन।

नयाँ मुसाफिरहरू बात मारिरहेका थिए र गाडी फेरि सामान्य गतिमा दुर्गुन थालेको थियो। केही बेरमा नै मानिसहरू उँघ्न पनि थालेका थिए। तर, बाबू भने अहिले पनि आँखा च्यातेर सामुन्नेतिर हेरिरहेको थियो। त्यसले बारम्बार मसँग सोध्दथ्यो कि पठानहरू यहाँबाट निस्केर कतातिर गएका छन्। त्यसको उत्तेजना पागलपनको हदसम्म पुगेको थियो।

गाडीको हल्लाइले म स्वयं तंद्रिल हुन थालेको थिएँ। डिब्बामा लेट्न सक्नेजति ठाउँ नै थिएन। बसीबसीकन निद्रामा मेरो मुण्टो कहिले एकातिर झुक्दथ्यो त कहिले अर्कोतिर लत्रिन्थ्यो। कहिलेकाहीं गाडीका झटकाले मेरा आँखा खुल्दथे, र मेरो सामुन्नेको सीटमा अस्तव्यस्तझैं बसेका सरदारजी घुरेको आवाज सुन्दथें। अमृतसर पुगेपछि सरदारजी फेरि सामुन्नेको सीटमा टाँग पसारेर लेटेका थिए। डिब्बामा यात्रीह विभिन्न मुद्रामा बसेका वा पल्टिएक थिए। तिनका वीभत्स मुद्रा देख्दा लाग्दथ्यो कि डिब्बा लाशैलाशले भरिएको छ। म नजिकै बसेका बाबू तिर नजर जाँदा त्यो कहिले झ्यालतिर मुख गरेर हेरिरहेको देखिन्थ्यो त कहिले तनक्क तन्केर बसेको देखिन्थ्यो।

कुनै बखत गाडी कुनै स्टेशनमा रोकिंदा चक्काका गडगडाहट बन्द हुँदा नीरवता व्याप्त हुन्थ्यो। त्यत्तिकैमा लाग्दथ्यो कि प्लेटफार्ममा केही खसेको छ अथवा कुनै यात्री गाडीबाट झरेको छ र म हडबडाएर उठी बस्दथें। यस्तै गरी जब एकपटक मेरा आँखा खुले तब गाडीको रफ्तार कम भएको थियो र डिब्बामा अँध्यारो थियो। मैले त्यस्तै गरी आधा लेटेको अवस्थामा झ्याल बाहिर हेरें। टाढा, पछाडितिर कुनै स्टेशनका सिग्नलका राता बल्ब टल्किरहेका थिए। स्पष्टतया गाडी कुनै स्टेशन पार गरेर आएको थियो तर अहिलेसम्म त्यसले तेज रफ्तार लिन सकेको थिएन।

डिब्बाको बाहिर मैले मन्दजस्तो अस्पष्ट आवाज सुनें। टाढा नै एउटा धूमिल कालो पुंजजस्तो देखियो। मेरा तंद्रिल आँखा केही बेर त्योतिर केन्द्रित रहे। पछि मैले त्यसबारे जान्ने प्रयास गरिनँ। डिब्बाभित्र अँध्यारो थियो र बत्तीहरू निभाइएका थिए। तर, बाहिर लाग्दथ्यो कि उज्यालो हुनेवाला छ।

मेरो पिठ्यूँपछाडि डिब्बा बाहिर कुनै चीजलाई कोतरेजस्तो आवाज आयो। मैले ढोकातिर फर्केर हेरें। डिब्बाको ढोका बन्द थियो। मैले फेरि ढोका कोतरेको जस्तो आवाज सुनें। पछि मैले साफ-साफ सुनें, कोही लठ्ठीले ढाका ढकढकाउँदै थियो। मैले झाँकेर झ्याल बाहिरतिर हेरें। साँच्चिकै एउटा मान्छे डिब्बाको दुई सीढी चढेर आएको थियो। त्यसको काँधमा एउटा गठरी झुण्डिएको थियो र हातमा लाठी थियो। त्यसले मैलो लुगा लगाएको थिया र त्यसको दाह्री पनि थियो। पछि मेरा आँखा बाहिर तल्तिर गए। गाडीको साथ-साथै एउटी आइमाई दुगुर्दै आइरहेकी थिई। नांगा खुट्टा भएकी त्यसले दुइटा गठ्ठी बोकेकी थिई। बोझका कारण त्यो राम्ररी दुगुर्न सकिरहेकी थिइन। डिब्बाको पाउदानमा उभिएको मानिसले बारम्बार त्योतिर फर्केर हेर्दै भन्दथ्यो– "आइजा! आइजा! तँ पनि चढिहाल, आइजा।"

ढोकामा फेरि लाठीको ठकठकाइ सुनियो– "खोलौं हजुर ढोका। खुदाका लागि ढोका खोलौं।" त्यो व्यक्ति हाँपिरहेको थियो– "खुदाका लागि ढोका खोलौं। मसँग आइमाई पनि छ। गाडी छुट्नेछ।" सहसा मैले देखें, बाबू हडबडाएर आफ्नो स्थानबाट उठ्यो र ढोकानजिक गएर त्यताको झ्यालबाट मुण्टो निकालेर भन्यो– "को हो? यता ठाउँ छैन।" बाहिर पाउदानमा उभिएको मानिसले गिडगिडाउँदै भन्यो– "खुदाका लागि ढोका खोलौं, नत्र गाडी छुट्नेछ।" अनि त्यस मान्छेले झ्यालबाट हात भित्र पसालेर ढोका खोल्नका लागि छेस्कनी टटोल्न थाल्यो। "भने नि! ठाउँ छैन। गाडीबाट झरिहाल।" बाबूले कराउँदै तत्काल ढोका खोलिदियो। "या अल्लाह!" त्यस व्यक्तिको अस्फुट स्वर सुनियो मानौं ढोका खुल्दा त्यसले सन्तोषको सास फेरेको होस्।

अनि मैले त्यसै बखत बाबूको हातमा छड टल्किएको देखें। बाबूले पूरा तागतका साथ छडले त्यस यात्रीको टाउकोमा हानेको थियो। त्यस्तो दृश्य देख्नासाथ म भयाक्रान्त भएँ। मेरा खुट्टा काम्न थाले। मलाई लाग्यो कि छडको आघातले त्यस व्यक्तिलाई कुनै प्रभाव पारेन। त्यसका हातले अझै पनि डिब्बाका ह्याण्डल समातेका थिए। काँधमा झुण्डिएको गठरी खस्केर त्यसको कुइनोमा आएको थियो।

त्यत्तिकैमा सहसा त्यसको चेहरामा रगतका दुई-तीन धारा एकसाथ निस्किए। मैले त्यसका खुलेका ओठ र सेता दाँत देखें। त्यसले एक-दुईपटक मन्द स्वरमा "या अल्लाह" भन्यो, अनि त्यसका खुट्टा लडखडाए। त्यसका आँखाले बाबूतिर हेरे, अर्धतिमीसित आँखाको शनैःशनैः खुम्चिदै थिए मानों त्यसलाई चिन्ने प्रयास गरिरहेका होउन् कि त्यो को हो र त्यसले कुन शत्रुताको बदला लिंदैछ। यसै दौरान अँध्यारो अलि कम भएको थियो। त्यसका ओठ फेरि फडफडाए र त्यसका सेता दाँत फरि झल्किए। मलाई लाग्यो कि त्यो मुस्कुराउँदैछ तर क्षयका कारण त्यसका ओठ खुम्चिन थालेका थिए।

तल लीकका साथ-साथ दुगुरिरहेकी आइमाई बडबडाउँदै सरापिरहेकी थिई त्यसलाई अझै पनि थाहा हुन सकेको थिएन कि के भएको छ। त्यो अहिले पनि यो भन्दै थिई कि गठरीका कारण त्यसको पति सजिलैसँग गाडीमा चढ्न सकिरहेको छैन, त्यसका खुट्टा जम्न पाइरहेका छैनन्। त्यो गाडीसँगै दुगुर्दै आफ्ना दुई गठरीका बाबजूद, आफ्नो पतिका खुट्टा समाती-समातीकन पाउनदानमा टेकाउने प्रयास गर्दैथिई। त्यसैबखत त्यसको पतिका दुवै हात ह्याण्डलबाट छुटे र त्यो काटिएको वृक्षजस्तै तल खस्यो अनि त्यो खस्ने बित्तिकै आइमाईले दुगुर्न छाडिदिई मानों दुवैको यात्रा एकसाथ समाप्त भएको होस्।

» *बाँकी ३ पेजमा*

एक सत्य घटना

# भूतसँगको भेट



इ.सुदिप न्यौपाने

आजभन्दा करिव १८ वर्ष अगाडिको कुरा हो, पाल्पा जिल्ला साविक मदनपोखरा नमूना गा.वि.स वडा नम्बर ९ दमकडा जाने बाटोको अधेरी गाउँ पस्ने दोबाटोमा आँप नै आँप लटरम्म फल्ने पहाडको भिरालो ठाउमा मान्छे हरु आवत - जावत गर्दा थकाइ मार्ने एउटा प्रतिक्षालय थियो !

बिदाको दिनमा साथिहरु जम्मा भएपछि हामी आँप र फड्र्यार खाने निहुँमा आँप फल्ने सिजनमा हामी प्रायः गइ नै रहन्थ्यौं ! एक दिनको कुरा हो, हामी आँप खाने सिलसिलामा गाउँका दाइसँग हाम्रो भुराभुरी ग्याङ पनि सामेल भएर करिब साँझको ५ बजेत्रि आँप खान भनेर त्यही ठाउँमा गइयो ! त्यो बेलामा हामीले आँप खाँदै गर्दा भन्नुभएको थियो तिमीहरु रातको समयमा कहिले पनि यहाँ नआउनु यहाँ पैले मान्छे गाडने ठाउँ हो भनेर भन्नू भएको काचो बाल मानसिकताको एक कुनामा थियो !

त्यसको करिब ४-५ दिनमा म मेरो माइलो दाइ मेरो अन्कलको छोरा र गाउँका अन्य साथीहरु भएर त्यही आँप खाने निहुँमा त्यही ठाउँमा गयौं । समय हेर्नलाई त्यो बेला हातमा घडी थियन, तर पछि अनुमान गर्दा हामी दिउँसोको करिब २:३० बजे तिर त्यो घटना घटेको रैछ, त्यस ठाउँमा प्रतिक्षालयको पछाडि एउटा सानो बाटो मान्छे मात्र आवत -जावत गर्न मिल्ने उत्तर -दक्षीण दिशामा बाटो थियो र त्यही बाटोको छेउमै करिब ५ मिटरको अन्तरमा बर र पिपलको ठुला रुख पनि थिए। हामी त्यही पिपलको जरा फैलिएको ठाउँमा जरालाई कुल्चेर आँप खाँदै गफिदैं थियौं !

त्यसको एकैछिनमा मेरो माइलो दाइले चिच्याएर भूत भनेर मेरो हात समाउनु भयो, हामी एकाएक सबै पशिचम् दिशातर्फको डिरेक्सन तिर एति छिटो भाग्यौं कि २५ -३० सेकेन्डमै हामी करिब ५० मिटर डाडा पार गर्यौ, अनि हामी पनि पश्चिम दिशाको भिरालो डाँडाबाट तलतिर हेर्यौ, त्यहाँ छेउतिर झाँडी थियो, बिचको प्रतिक्षालय मात्र देखिन्थ्यो, फर्केर तलतिर हेर्दा केही देखिएन, तर त्यसको केही सेकेन्डभित्र नै एउटा फरक किसिमको अचम्मको पुरै सेतो आकृती भएको के हो के जस्तो न मान्छे जस्तो न त कुनै बस्तु जस्तो, एस्तो सुस्त गतिमा आयो कि हामीले डाँडाबाट प्रत्यक्ष देख्यौं, जसलाई हामी भूतको संज्ञा दियौं, सायद त्यो भूत हाम्रो दिशातिर आउँथ्यो भने हामी त्यहाँ एकछिन पनि हेर्न सक्थेनौ होला, तर त्यो बाटोको दिशा उत्तरबाट आएर दक्षिण तिर जाँदै थियो अनि हामी भने पश्चिमको डाँडोबाट त्यसको चाल हेर्दै थियौं, अनि टाउको पनि पूर्व-दक्षिण दिशातिर थियो !

गाउँघर तिर सुनिन्थ्यो भूतको खुटा त अर्कै हुन्छ उल्टे हुन्छ भनेर मलाई त्यो याद आएर पनि मैले त्यसको खुटा हेर्न खोजे तर ढिकले गर्दा खुटा राम्रोसँग देखिएन ! अनि हाम्रो बाल मानसिकतामा यस्तो डर भयोकी पछि गाउँमा आएर सुनाउँदा कतीले मजाकमा उडाए त कतिले त्यो ठाउँमा गाउँका अन्य व्यक्तिले पनि त्यस्तो घटना देखेको कुरा सुन्नमा आयो ! त्यो मेरो बालमानसिकतामा यसरी गहिरो छाप बनेर बस्यो कि त्यसपछि धेरै वर्षसम्म भूतको सपना धेरै देख्न थाले, ४ वर्ष जति त म त्यो ठाउँमा कहिले पाइला पनि टेकेन !

अनि त्यो समयको घटनालाई आफू विज्ञान को विद्यार्थी भएर पनि होला अहिले केलाएर हेर्दा optical इलुजन भयो कि भनेर पनि विश्लेषण आफैं भित्र गर्दा पनि त्यो घटना भ्रम हुँदै होइन भन्ने लाग्यो ! पहिला भूत भनेको मनभित्रको डर शंका मनको त्रास जस्तो लाग्थियो ! तर त्यसदिन पछि भूत साँच्चिकै हुने रैछ नत्र भने यो कुराहरु कसरी आउँथ्यो भन्ने भान मनमा पस्यो !

अनि त्यो बाल अवस्थामा परेको असर अहिले आयर नियाल्दा अधात्मलाई विज्ञान सङ तुलना गर्दा यो दुनियाँ नै स्टेट अफ माइन्डमै चलेको हुने रैछ, हामीले कन्ट्रोल गर्न नसक्ने भनेकै हाम्रो दिमाग हो जुन साधु सन्तले गहिरो ध्यानको माध्यमबाट मात्र सन्दछन्, जिन्दगी नै दिमाग कन्ट्रोलको खेल हैछ जस्तो सोचे हाम्रो शरीरले त्यस्तै प्रोगामिक गरेर त्यस्तै उर्जा उत्पन्न गरी यो ब्रमाण्डमा आकार बनाउँछ र त्यस्तै हुँदै जान्छ भन्ने कुरा मैले बुझे !

अन्तयमा

त्यस्तो आकृती कसरी देखियो म कहिले पनि बुझ्न सकिन अनि लाग्यो केही न केही त पक्कै छ !

लाग्यो पशुलाई भगवानले बनाउँदा मानिसलाई जस्तो चेतनशिल दिमाग दिनुभएन, त्यस्तै गरी हामीलाई पनि यहाँभन्दा बढी सोंच्न सक्ने दिमाग नै दिनुभएन फलस्वरुप यो ब्रहमाण्ड उत्पत्तिको ठोस प्रमाण कसैसँग छैन !

**इन्धनमा...**

सार्वजनिक यातायात क्षेत्रलाई थप व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन व्यवसायी, सरकार र सरो कारवालाबीच सहकार्य आवश्यक रहेको बताउँदै कमजोर सडक पूर्वाधार, ट्राफिक व्यवस्थापन अभाव, दुर्घटनावृद्धि तथा वायु प्रदूषण यात(यात क्षेत्रका मुख्य चुनौतीका रूपमा रहेकाले राज्य तहबाटै समस्या हल गर्नुपर्नेमा अध्यक्ष श्रेष्ठको जोड छ।

प्रालिका प्रवन्धक/सञ्चालक दीपकप्रसाद श्रेष्ठले विभिन्न नीतिगत निर्णयअनुसार दुर्घटना न्यूनीकरण, रुट व्यवस्थापन तथा सेवा विस्तारलाई प्राथमिकतामा राखेर काम गरिएको बताए।

बुटवल यातायात प्रालिका वरिष्ठ उपाध्यक्ष अशोककुमा श्रेष्ठ, प्रालिका संस्थापक उपाध्यक्ष लक्ष्मण आचार्य क्षेत्री, शिखर इन्सुरेन्सका लुम्बिनी प्रमुख किरण काफ्ले, सनिको इन्सुरेन्सका लुम्बिनी प्रमुख विष्णुदिप नेपाल, लेखा परीक्षक मधुप्रसाद खनाललगायतले बोल्दै डिजिटल प्राणालीको विस्तार गरेर समयको मागअनुसार थप गुणस्तरीय सेवाका कारण प्रालिले सफलता हासिल गरेको बताए।

साधारणसभामा संस्थागत विकासमा योगदान गरेका दिवंगत व्यवसायीलाई मरणोपरान्त, संस्थापक र उत्कृष्ट सेवा गर्ने कर्मचारी तथा व्यवसायीहरुलाई सम्मान गरिएको थियो।


नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि प्रशासन कार्यालय

तौलिहवा, कपिलवस्तु

### हकवालाका नाउँमा ३५ दिने सार्वजनिक सूचना।

मितिः- २०८३/०१/२६

उपरोक्त विषयमा जिल्ला क.व मायादेवी गा.पा. वडा नं. २ मौजा अभिराव बस्ने असिन धुनियाको मित २०३३ साल अगावै र निजको एक मात्र पत्नि सविरुन धुनिनको मिति २०४६/१०/१५ मा मृत्यु भएको। मृतकहरु जीवित छंदा सेवा सम्भार, पालन पोषण, औषधी उपचार र मृत्यु पश्चात सामाजिक परम्परा अनुसार काज क्रिया समेत मृतकको एक मात्र छोरा वसीर धुनियाले गरेको र छोरीको जाय जन्म नभएको हुँदा मृतक सविरुन धुनिनको नाउँमा दर्ता रहेको तपसिल बमोजिमका जग्गा श्रेष्ता कायम गरी एकलौटी नामसारी गरी पाउ भनि जिल्ला क.व. मायादेवी गा.पा. वडा नं. २ मौजा अभिराव बस्ने वसीर धुनियाको मिति २०८३/०१/०३ मा निवेदन माग भई आएकोमा मृतक सविरुन धुनिनको हकवालाका नाउँमा ३५ दिने सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित कित्ताहरु निज मृतकको नामका हो होइन वा उक्त कित्ताहरुमा कसैको हकदैया पर्ने भएमा वा निजको माग बमोजिम श्रेस्ता कायम नामसारी हुनु नपर्ने भएमा यो सूचना टाँस मितिले पैतिस दिन भित्र स-प्रमाण समेत लिई यस कार्यालयमा उजुरी गर्नुहोला। सूचना टाँस भएको म्याद भित्र उजुर नगरेमा निम्न लिखित कित्ता नम्बरको जग्गाको श्रेस्ता कायम भई निवेदकका नाउँमा एकलौटी नामसारी भई जानेछ। पछि कसैको कुनै उजुर नलाग्ने व्यहोरा समेत जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| गा.वि.स. | वार्ड नं. | कित्ता नं. | क्षेत्रफल | दर्तावालाको नाम, थर | कैफियत |
|---|---|---|---|---|---|
| अभिराव | १ | २११ | ०-३-१६-० | ज.ध.- सविरुन धुनिन<br>पति -असिन धुनिया<br>ससुरा - करामत<br>ठेगानाः- जिल्ला कपिलवस्तु<br>सा. गा.वि.स. अभिराव वडा नं. २ मौजा अभिराव | श्रेष्ता जीर्ण रहेको मोठ नभिडेको |
| अभिराव | १ | २५४ | ०-३-४-० | | |

पुनश्चः- उपरोक्त अनुसार नामसारी गरि दिनु भनि मायादेवी गा.पा.-२ नं. वडा कार्यालयको च.नं. १२२० मिति २०८३।०१।०२ गते सिफारिस भई आएको।

भूमि प्रशासन अधिकृत


**अमृतसर...**

बाबू अझै पनि डिब्बाको खुल्ला ढोकामा मूर्तिझैं उभिएको थियो। फलामे छड अझै पनि त्यसको हातमा थियो। मलाई लाग्यो कि त्यो फलामे छड फाल्न चाहन्छ तर फाल्न सकिरहेको छैन। त्यसका हात निश्चल भएका थिए। मेरो सास अझै पनि फुलेको थियो र डिब्बाको अँध्यारो कुनामा म झ्यालसँग टाँसिएर बसी त्योतिर हेरिरहेको थिएँ।

त्यसपछि त्यो मान्छे उभिई-उभिई हल्लियो। कुनै अज्ञात प्रेरणावश त्यो एक कदम अगाडि आयो र ढोकाबाट पछाडितिर हेर्न थाल्यो। गाडी अगाडि दुगुरिरहेको थियो। टाढा, लीकको किनारमा अँध्यारो पुलजस्तो देखिँदै थियो।

बाबूको शरीर हरकतमा आयो। एक झट्कासाथ त्यसले छडलाई डिब्बा बाहिर फालिदियो र फर्केर डिब्बाभित्र यताउति हेर्न थाल्यो। सबे यात्री निदाएका थिए। मेरा र त्यसका नजर जुधेनन्। अलिबेर त्यो उभिई-उभिईकन हल्लिरह्यो र केही बेरपछि त्यसले ढोका बन्द गरिदियो। त्यसले आफ्ना लुगालाई ध्यानपूर्वक हेर्‍यो। आफ्ना दुवै हाततिर हेर्‍यो। त्यसपछि त्यसले आफ्ना हातलाई एक-एकगरी नाक नजिक लगेर सुँघ्यो, मानौं त्यो जान्न चाहन्थ्यो कि त्यसका हातबाट रगतको गन्ध त आउँदैछैन। त्यसपछि त्यो सुस्तरी आएर मेरो बगलवाला सीटमा बस्यो। रातको अँध्यारो अलि-अलि गरी हराउन थालेको थियो। स्वच्छ प्रकाश चारैतिर फैलिन थाल्यो। कसैले सिक्री तानेर गाडीलाई रोकेको थिएन, फलामे छडको मार खाएर त्यसको देह माइलौं पछि छुटिसकेको थियो। सामुन्ने गहुँको खेतमा फेरि साना-साना लहर उठ्न थालेका थिए। सरदारजी आफ्नो शरीर कन्याउँदै उठेर बसे। मेरो बगलमा बसेको बाबू आफ्ना दुवै हात टाउको पछाडि राखेर सामुन्नेतिर हेरिरहेको थियो। रातभरमा त्यसको चेहरामा दाह्रीका स-साना छोका उम्रिएका थिए। आफ्नो सामुन्ने बसेको देखेर सरदारले त्योसँग कुरा गर्न थाल्यो– "बडा साहसी मानिस हौ बाबु। दुब्ला-पातला भए पनि हिम्मत त ठूलै रहेछ। तिमीले देखाएको साहसका कारण ती पठानहरू डिब्बाबाट बाहिरिएका थिए। तिनीहरू यतै बसेका भए तिमीले एक-न-एकको दिमागलाई ठेगान लगाइदिन्थ्यौं।"

त्यसो भनेर सरदारजी हाँस्न थाले।

जवाफमा बाबू मुस्कुरायो, एउटा वीभत्सजस्तो मुस्कान र बेरसम्म सरदारजीको अनुहारतिर हेरिरह्यो।


## LUMBINI OM MARBLE PVT.LTD

SI.NA.PA.08 BHAIRAHAWA

PAN.NO. 609633056

### PUBLIC INFORMATION FOR MAXIMUM RETAIL PRICE(MRP)

| S. N | BRAND | MODEL | HSN CODE | INVOICE PRICE/PER KG(INR) | MRP (NPR) | REMARK |
|---|---|---|---|---|---|---|
| 1 | M/S GB STONEX WORLD EXPORT | BLACK GRANITE SLAB | 68022310 | 11 | 60 | |
| 2 | M/S GB STONEX WORLD EXPORT | C.WHITE GRANITE SLAB | 68022310 | 11 | 60 | |
| 3 | M/S GB STONEX WORLD EXPORT | ROZEY GRANITE SLAB | 68022310 | 11 | 60 | |
| 4 | M/S GB STONEX WORLD EXPORT | P.WHITE GRANITE SLAB | 68022310 | 11 | 60 | |
| 5 | M/S GB STONEX WORLD EXPORT | RED WHITE GRANITE SLAB | 68022310 | 11 | 60 | |
| 6 | M/S GB STONEX WORLD EXPORT | MULTY RED GRANITE SLAB | 68022310 | 11 | 60 | |
| 7 | M/S GB STONEX WORLD EXPORT | MULTY BROUN GRANITE SLAB | 68022310 | 11 | 60 | |



## साना किसान कृषि सहकारी संस्था लि.अग्यौली

कावासोती-१४, नवलपुर

### चिलिङ भ्याट खरिद सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः (२०८३/०१/२६)

गण्डकी प्रदेश सरकार पशुपंक्षी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र (३१२०४३९०१४) पोखराको आ.व.२०८२/०८३ को स्वीकृत कार्यक्रमअनुसार दुग्धचिस्यान केन्द्र स्थापना कार्यक्रम (चिलिङ भ्याट) खरिद गर्न गण्डकी प्रदेश सरकार पशुपंक्षी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र पोखराबाट यस संस्थाको प्रस्ताव छनोट भई मिति २०८३/०१/१४ गतेको सम्झौताअनुसार चिलिङ भ्याट खरिद गर्नुपर्ने भएकोले आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी सप्लायर्सले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रित पूर्वकको शिलबन्दि दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. इच्छुक बोलपत्रदाताहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ७ दिनभित्र फिर्ता नहुने गरी रु.१००० (अक्षरुपी एक हजार) शुल्क पशुपंक्षी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र पोखराको राष्ट्रिय वाणिज्य बैंक लि.पृथ्वीचोक शाखामा रहेको खाता नं.१०००१००५०१००४००० माजम्मा गरी नवीकरण भएको इजाजतपत्र, प्यानदर्ता प्रमाण पत्र, इजाजतपत्र, स्वघोषणा पत्र, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र लगायतका प्रमाणित प्रतिलिपीहरु निवेदन साथ राखी यस संस्थाबाट दरभाउपत्रफारम खरिद गर्न सकिने छ।
२. मेसिनरी उपकरण आपूर्तिको लागि दरभाउपत्र पेश गर्दा दरभाउपत्रमा स्पष्ट खुल्ने स्पेशिफिकेशन, क्याटलग समेत राखीबाहिर खाममा सम्बन्धित कामको विवरण, दरभाउपत्र नं., दरभाउपत्रवालाको नाम र ठेगाना स्पष्ट खुलाई शिलबन्दि लाहाछाप गरी पेश गर्नुपर्ने छ।
३. खरिद गरिएको दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथमपटक प्रकाशित भएको मिति देखी ८ औं दिनको ठिक १२:०० बजे भित्र तोकिएको स्थानमाआई दरभाउपत्रदर्ता गराउन सकिनेछ।
४. दरभाउपत्र फारम साथ जमानत रकम संस्थाको नाममा रहेको (खाताको नाम : साना किसान कृषि सहकारी संस्थालि.अग्यौली), कामना सेवाविकास बैंक लि. कावासोतीमा रहेको खाता नं.०२९००३००१६२२९५००००००१ (For bid security Purpose) मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वामान्यताप्राप्त बैंकबाट यस संस्थाको नाममाजारी गरिएको ९० दिन म्याद भएको जमानीपत्र (विडवण्ड) दभाउपत्र साथ पेश गर्नुपर्ने छ। यसरी पेश गरिने जमानत वापतको भौचर वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछि लाई मान्यता दिइनेछ।
५. दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा संस्थाले ८ औं दिनको ठिक २:०० बजे खोल्नेछ। दरभाउपत्रदाताहरुका वा निजको प्रतिनिधिहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
६. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस संस्थामा सुरक्षित रहनेछ। रीत नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।
७. दरभाउपत्र सम्बन्धि अन्यशर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन्।
८. अन्य कार्यविधीहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधनसहित) तथा अन्य प्रचलित ऐक कानुन बमोजिम हुनेछ।
९. यस सम्बन्धि अन्य कुराको जानकारी आवश्यक परेमा फोन नं.९८४७२४९९७८ मा सम्पर्क राख्न सकिनेछ।
१०. माग गरिएको चिलिङ भ्याट तथा उपकरणको पूर्ण स्पेशिफिकेसन नखुलाई पेश गरिएको दरभाउपत्रलाई मूल्याङ्कन गरिने छैन।

| दरभाउपत्र नं. | कामको विवरण | संख्या | धरौटी रकम रु. | दरभाउपत्र खरिद दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १/०८२/०८३ | चिलिङ भ्याट(क्षमता : ५००० लि.) | १ सेट | ३०००० (अक्षरुपीतिस हजार मात्र) | १००० (अक्षरपी एक हजार मात्र) | |

अध्यक्ष



## श्री माध्यमिक विद्यालय अजिगरा

कृष्णनगर न.पा.-७, कपिलवस्तु

### शिक्षक आवश्यकता सम्वन्धी सूचना

**प्रकाशित मितिः २०८३।०१।२६**

प्रस्तुत विषयमा यस कृष्णनगर नगरपालिकाको मिति २०८३/०१/११ गतेको पत्र संख्या ०८२/०८३ को च.नं.१९७४ को पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको संघिय शिक्षण सिकाई अनुदान माध्यमिक तहको गणित विषयको कोटामा शिक्षक पदपूर्तिको लागि प्राप्त अनुमतिको आधारमा विज्ञापन भएको मितिदेखि १५ दिनभित्र तपसिल बमोजिमको योग्यता भएका उम्मेदवारहरुबाट दरखास्त दिन आह्वान गरिन्छ।

१. विज्ञापन न.: ०१/२०८२/०८३
२. आवश्यक संख्या : ०१
३. तह : मा.वि.
४. विषय : गणित
५. किसिम : संघीय अनुदान

**तपशिल**

६. शैक्षिक योग्यताः गणित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको
७. उमेरः १८ वर्षदेखि ४० वर्षसम्म
८. तलब स्केलः संघीय अनुदानको प्रचलित स्केल बमोजिम
९. दरखास्त दस्तुर : १५००/-
१०. परीक्षाको किसिमः लिखित, मौखिक / आवश्यक भएमा कक्षा अवलोकन
११. शैक्षिक योग्यताको प्रमाण पत्र

-नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

-शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

-अध्यापन अनुमतिपत्रको प्रतिलिपि

१२. दरखास्त दिने अन्तिम मितिः २०८३/०२/०७
१३. सम्पर्क मितिः २०८३/०२/०८/
१४. सम्पर्क मितिमा परीक्षा मिति जानकारी गराइनेछ।

प्रधानाध्यापक



## श्री जनहित माध्यमिक विद्यालय मैनहवा

तिलोत्तमा न.पा.- १०, कान्छीबजार, रूपन्देही

### बाल विकास सहजकर्ता आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३।०१।२६

प्रस्तुत विषयमा यस श्री तिलोत्तमा नगरपालिका वार्ड नं १० कान्छी बजारमा सञ्चालित श्री जनहित मावि मैनहवामा रिक्त भएको बाल विकास सहजकर्ताको दरबन्दी बाल विकास सहजकर्ता छनोटको प्रयोजनका लागि मिति २०८३/०१/११ प.स. २०८२/८३ च.न. ३१३९ को प्राप्त पत्रअनुसार मिति २०८३/०१/२४ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार देहाय बमोजिम बालविकास सहजकर्ता आवश्यक भएकोले इच्छुक नेपाली नागरिकबाट रितपूर्वक दरखास्त आह्वान गरिन्छ।

१. वि.न. - ०१/०८३/०८४
२. पद :- बाल विकास सहजकर्ता
३. तह :- बाल विकास दरबन्दी
४. किसिम :- अस्थायी करार
५. संख्याः १ जना
६. शैक्षिक योग्यता :- मान्यता प्राप्त शिक्षण संस्थाबाट मान्यता SLC / SEE वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने छ। साथै मन्टेश्वरी टेर्निङ प्राप्त भएकोलाई मान्यता दिइने छ। विदेशी संघसंस्थाबाट उत्तीर्णको हकमा मान्यता प्राप्त वा समकक्षता प्रमाणपत्र अनिवार्य रुपमा संग्लन गर्नुपर्ने छ।
७. दरखास्त दस्तुर :- रु.१००० अक्षररुपी एक हजार मात्र।
८. तलब स्केल :- नियमानुसार
९. उमेर :- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ।
१०. आवश्यक कागजात :- शैक्षिक योग्याताको प्रमाणपत्रका प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र हस्तलिखित निवेदन।
११. परीक्षाको किसिम : लिखित अन्तर्वार्ता र कक्षा अवलोकन
१२. दरखास्त दिने अन्तिम मिति :- २०८३/०२/०८ विद्यालय समयमा
१३. सम्पर्क मिति :- २०८३/०२/११ गते
१४. परीक्षा मितिः- सम्पर्क मितिमा तोकिनेछ।

थप जानकारीका लागि विद्यालयमा सम्पर्क राख्नुहोला।

सम्पर्क न. ९८४७०५०१७७(प्र.अ.), ९८६०३४८७७०( सा. प्र. अ.), ९८१९४७२४२५ ( लेखापाल)

प्रधानाध्यापक



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



**पहिरो सम्भावित क्षेत्रमा यात्रा गर्दै पर्यटकः**

तिलिचो ताल अवलोकन गर्न जाने क्रममा पर्यटक । हिमालपारिको जिल्ला मनाङअन्तर्गत ङिस्याङ गाउँपालिका-९ स्थित यो बाटो पहिरो सम्भावित क्षेत्रका रूपमा चिनिन्छ । अन्नपूर्ण पदमार्गको रुपमा चिनिने यस मार्गबाट आन्तरिक तथा बाह्य पर्यटक आवतजावत गर्ने गर्छन् । जोखिमयुक्त क्षेत्र भएकाले स्थानीयवासीले बाटोलाई व्यवस्थित बनाउँदै आएका छन् । तस्विरः रासस

# नेपालद्वारा अमेरिका पराजित



बुटवल । एक दिवसीय खेलमा नेपाल 'ए' ले संयुक्त राज्य अमेरिकालाई पराजित गरेको छ । माथिल्लो मूलपानी क्रिकेट मैदानमा शुक्रबार भएको खेलमा नेपाल 'ए' ले अमेरिकामाथि तीन विकेटको जित हासिल गरेको हो । अमेरिकाले जितको लागि दिएको २६३ रनको लक्ष्य नेपाल 'ए' ले पाँच बल बाँकी रहँदा पूरा गर्‍यो ।

नेपालको जितमा मयान यादव नायक बने । उनले ८० बलमा ७२ रनको शानदार इनिङ्स खेल्दै टोलीलाई बलियो अवस्थामा पुर्‍याए । उनको इनिङ्समा चार चौका र दुई छक्का समावेश थियो । त्यसअघि नेपालका ओपनर त्रितराज दासले २३ रन बनाउँदा कप्तान अनिल साहले २७ रनको योगदान दिए । देव खनाल १७ रनमा आउट भए पनि सन्दीप जोराले मध्यम क्रम सम्हाल्दै ३६ रन जोडे । कुशल मल्लले ३३ रन बनाए ।

खेल अन्तिमतिर रोमाञ्चक बनेको अवस्थामा पवन सर्राफले विस्फोटक ब्याटिङ गरे । उनले १५ बलमा अविजित २४ रन बनाउने क्रममा एक चौका र दुई छक्का प्रहार गरे । दीपक डुम्रे दुई रनमा अविजित रहँदा नेपालले ४९ दशमलव एक ओभरमा सात विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो ।

अमेरिकाका लागि मिलिन्द कुमारले सर्वाधिक दुई विकेट लिए भने सौरभ नेत्रवलकर, नोस्तुष केन्जिगे, रशिल उगारकर, हरमित सिंह तथा सञ्जय कृष्णमुर्थीले समान एक/एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको अमेरिकाले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २६२ रनको योफल बनाएको हो । अमेरिकाका लागि स्मित पटेलले शानदार शतकीय इनिङ्स खेल्दै १०७ बलमा १० चौका र पाँच छक्कासहित ११६ रन बनाए ।

त्यस्तै ओपनर शायन जहाँगिर नौ रनमा आउट हुँदा कप्तान मोनाङ्क पटेलले २० रन जोडे । सैतेजा मुक्कामल्लाले १० तथा मिलिन्द कुमारले सात रन बनाए । त्यसपछि शुभम रञ्जानेले १६, सञ्जय कृष्णमुर्थीले १५ तथा शेहान जयसूरियाले सात रनको योगदान दिए ।

अन्तिमतिर हरमित सिंह २५ र जसदीप सिंह ३३ रनमा अविजित रहँदै टोलीलाई सम्मानजनक योगफलतर्फ पुर्‍याए । नेपाल 'ए' का लागि पवन सर्राफले दुई विकेट लिए भने विपीन खत्री, शाहव आलम, बासिर अहमद, शेर मल्ल, राशिद खान र नारायण जोशीले समान एक/एक विकेट लिए ।

# शुद्धोधनमा सबैलाई शिक्षा अभियानका लागि पुराना कापी संकलन

कञ्चन । रुपन्देहीको शुद्धोधन गाउँपालिकामा सबैका लागि शिक्षा अभियानअन्तर्गत पुराना कपी संकलन गरिएको छ । मानमटेरिया साथी सञ्जाल, शुद्धोधन रुपन्देहीले शुद्धोधनका आर्थिक कारणले विद्यालय शिक्षाबाट टाढा रहेका बालबालिकाहरुलाई शिक्षाको पहुँच दिलाउन एक पटक प्रयोग गरी फालिएका कपीहरु संकलन गर्ने कार्यलाई अगाडी बढाएको हो ।

एक पटक प्रयोग गरी फालिएका कपीहरुबाट प्रयोग नभएका खाली पानाहरुबाट नयाँ कपीको निर्माण गरी आर्थिककारणले पढाइ छाडेर विद्यालय जान नपाएका बालबालिकाहरुलाई निःशुल्क रुपमा कपी उपलब्ध गराई पुनः पढ्न प्रोत्साहित गर्ने उद्देश्यका साथ पुराना कपीहरुको संकलन गर्ने अभियान सञ्चालन गरिएको मानमटेरिया साथी सञ्जालका अध्यक्ष श्रृजना थारुले जानकारी दिइन् ।

यसैगरी सबैका लागि शिक्षा अभियानअन्तर्गत शुद्धोधन गाउँपालिकाका विभिन्न सामुदायिक विद्यालयहरुमा अध्ययनरत विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्ति प्रदान गर्न विद्यालयहरुसँग समन्वयगरी नाम संकलन समेत गरिएको अध्यक्ष थारुले बताइन् ।

रुपन्देहीको शुद्धोधनलगायत कञ्चन, गैँडहवा र लुम्बिनी सांस्कृतिक नगरपालिकामा कृयाशिल साथी सञ्जालहरुले पुराना कापी र पुस्तकहरुको संकलन गरी सबैका लागि शिक्षा अभियान सञ्चालन गर्दै आइरहेका छन् ।

सुनगाभा सामुदायिक विकास केन्द्र, कञ्चन ४, सुनगाभाचोक रुपन्देहीको सहयोग तथा समन्वयमा विभिन्न साथी सञ्जालहरुले लागु पदार्थ दुरुपयोगविरुद्ध गाउँ गाउँमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु समेत सञ्चालन गर्दै आइरहेको कञ्चन साथी सञ्जालका अध्यक्ष सुस्मिता नेपालीले जानकारी दिइन् । ती साथी सञ्जालहरुमा करिब ४ हजारभन्दा बढी किशोर किशोरी र बालबालिका आवद्ध रहेका छन् ।

रूपन्देही सुपरलिगः

# तिरूपति ४ विकेटले विजयी




भैरहवा । रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको शुक्रबारको खेलमा तिरुपति क्रिकेट क्लब विजयी भएको छ । तिरुपतिले न्यू होराइजन स्पोर्टस् क्लबलाई ४ विकेटले हराउँदै जित हात पारेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको न्यू होराइजनले निर्धारित ५० ओभरमा २२ ओभर ३ बल खेल्दै सबै विकेट गुमाएर ७६ रनको झिनो योगफल खडा गर्‍यो ।

उसका लागि निर्मल गुरुङले २९ र विप्रसन केसीले १४ रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । उसलाई सस्तैमा रोक्न तिरुपतिका अपराजित पौडेल र मोहम्मद हुसेनले ३-३ तथा तुलबहादुर थापाले २ र आकाश त्रिपाठीले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको तिरुपतिले १४ ओभर १ बलमा ६ विकेट गुमाएर ७९ रन बनाउँदै जित निकाल्यो । उसको जितमा विजय प्रजापतिले २४, तुलबहादुर थापाले अविजित २० र सन्दीप मौर्यले १४ रन बनाए । बलिङमा न्यू होराइजनका निर्मल गुरुङले २ तथा अमर मिश्रा, विप्रसन केसी र महेश भरले समान १-१ विकेट लिए । खेलमा मोहम्मद हुसेन प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले बताए ।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उपविजेता पुरस्कारको प्रायोजन गरेका छन् । यसैगरी सिद्धार्थ उद्योग बाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन् ।

# 'सहकारी पीडितलाई सरकारी कोषबाट पैसा दिने होइन'

बुटवल । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव मदन भुजेलले सहकारी पीडितलाई सरकारी कोषबाट पैसा दिन नलागिएको बताएका छन् ।

सहकारी पत्रकार समाजले राजधानीमा आयोजना गरेको कार्यक्रममा उनले सरकारले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमार्फत् बचत फिर्ताको प्रक्रियालाई तीव्रता दिन खोजेको बताउँदै पीडितहरूलाई सरकारी कोषबाट पैसा दिन नलागिएको बताए ।

उनकाअनुसार सरकारले वार्षिक बजेटमार्फत विनियोजन गरेको २५ करोड रुपैयाँ सिधैं सहकारी पीडितलाई जाँदैन । यो रकम सिधैं बचतकर्तालाई बाँड्न नभई 'बिउपूँजी' को रूपमा व्यवस्थापन समितिले परिचालन गर्नेछ ।

उनले सहकारीको रकम अपचलन गर्नेहरूबाट कडा रूपमा असुलउपर गरेर नै बचतकर्ताको पैसा फिर्ता गरिने बताए । सहकारी ठगहरूको खोजीकार्य तीव्र पारिएको बताउँदै उनले सरकारी कोषबाट पैसा लगेर वितरण गर्ने भन्दा पनि सहकारीको रकम अपचलन गर्नेबाटै असुल गर्नेगरी सरकार लागेको जनाए ।

सचिव भुजेलले भने-'चालु आर्थिक वर्षको बजेटमा वार्षिक बजेटमै राखेको २५ करोड रुपैयाँ अहिले निकासा दिएको मात्रै हो । अब समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले यसलाई बिउपूँजीको रूपमा परिचालन गर्छ र यसको अर्थसरकारी कोषबाट पैसा लैजाने अनि वितरण गर्ने होइन । हामीले असुलीमा नै एकदम कडा गर्ने हो, आखिरमा सहकारीबाट जसले अपचलन गरेका छन्, त्यो रकम असुल गरेर बचत रकम फिर्ता गर्नुपर्ने हुन्छ। त्यतैतिर ध्यान हाम्रो केन्द्रित भएको छ । असुली गर्न विभिन्न चुनौतीहरू छन्, तै पनि हामी लागिरहेका छौँ । असुलीमा कडाइ गरेरै उठेको रकम वितरण गर्ने हो ।'

सचिव भुजेलले सहकारी क्षेत्रमा देखिएको वर्तमान संकटको मुख्य कारण सञ्चालक र व्यवस्थापकहरूको 'बद्मासी' भएको बताएका छन् । सहकारीहरू स्व-नियमनमा चल्नुपर्ने स्वायत्त संस्था भए पनि सञ्चालकहरूको गलत नियतका कारण हजारौं वचतकर्ताको रकम जोखिममा परेको उनको भनाइ छ ।

सहकारीका समस्या समाधानका लागि मन्त्रालयले गरिरहेका कामहरूबारे प्रष्ट पार्दै सचिव भुजेलले सरकार यसबाट पन्छिन नमिल्ने र समस्या समाधानका लागि ऐन संशोधनको प्रक्रिया अघि बढाइएको जानकारी दिए । अहिले एउटै व्यवस्थापन समितिले २० वटा समस्याग्रस्त सहकारी हेर्नुपर्दा कठिनाइ भइरहेको स्वीकार गर्दै उनले प्रत्येक समस्याग्रस्त सहकारीका लागि छुट्टै कार्यालय हुनुपर्ने धारणा राखे ।

सचिव भुजेलकाअनुसार बचत तथा ऋण सहकारीहरूको प्रभावकारी नियमनका लागि सरकारले छुट्टै संयन्त्र बनाउने तयारी गरेको छ । राष्ट्र बैंकले सबै सहकारी नियमन गर्न नसक्ने भएकाले नयाँ ऐनमार्फत् प्राधिकरणलाई स्वायत्त, सुदृढ र अधिकारसम्पन्न बनाइने भुजेलले बताए । यसो गर्दा सहकारी विभागले अन्य प्रकृतिका सहकारी हेर्ने र प्राधिकरणले बचत तथा ऋणको मात्रै विशेष नियमन गर्नेछ ।

सचिव भुजेलले सहकारीका विभिन्न संघ-महासंघहरूले बचत र ऋणको कारोबार गर्दा आफ्ना सदस्य संस्थाहरूको अनुगमनमा ध्यान नदिएको समेत बताए । उनकाअनुसार संघहरू प्रवर्द्धनको काममा लाग्नुपर्नेमा कारोबारमा केन्द्रित भए, जसले गर्दा समस्याग्रस्त सहकारीको संख्या बढ्न गएको हो । अहिलेको कानुनले संघहरूलाई कारोबार गर्न दिए पनि अब बन्ने ऐनमार्फत् यसलाई व्यवस्थित गरिने उनले बताए ।

प्रारम्भिक सहकारीले मात्र बचत तथा ऋणको काम गर्नुपर्ने सुझाव आएकाले संघहरूलाई यस्तो कारोबार बन्द गर्न वा बैंकमा परिणत हुनका लागि ३ वर्षको संक्रमणकालीन समय दिने विषयमा छलफल भइरहेको उनले जानकारी दिए ।

सचिव भुजेलले सहकारीको समस्या केन्द्रमा मात्र सीमित नभएकाले प्रदेश र स्थानीय तहलाई पनि आ-आफ्नो कार्यक्षेत्रभित्रका सहकारीलाई समस्याग्रस्त घोषणा गर्ने र बचत फिर्ताको व्यवस्थापन गर्ने अधिकार ऐन संशोधनमार्फत दिन लागिएको बताए ।

कतिपय प्रदेश र स्थानीय तहले यो प्रक्रिया शुरु गरिसकेको पनि उनको भनाइ थियो । उनकाअनुसार सहकारी विभागको भूमिकालाई कायम राख्दै नियमनकारी संरचनामा व्यापक सुधार गर्न लागिएको उनको भनाइ रहेको छ ।

# गुणस्तर र लेबलिङबारे व्यवसायीलाई अभिमुखीकरण

तिलोत्तमा । तिलोत्तमा व्यापार संघ र घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगरको संयुक्त आयोजनामा उत्पादित वस्तुको गुणस्तर, लेबलिङ तथा प्याकेजिङ सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा संघमा आबद्ध करिब ५० जना व्यवसायीको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका उपाध्यक्ष तथा तिलोत्तमा व्यापार संघका संस्थापक अध्यक्ष झबिन्द्रप्रसाद कंडेलले गरेका थिए । त्यस अवसरमा उनले घरेलु तथा साना उद्योग स्थापना गर्नुको उद्देश्य स्थानीय उत्पादन प्रवर्द्धन र आत्मनिर्भर अर्थतन्त्र निर्माण रहेको उल्लेख गरे ।

तिलोत्तमा व्यापार संघका अध्यक्ष नेत्रप्रसाद न्यौपानेले व्यवसायीले उत्पादनको गुणस्तर, प्याकेजिङ र लेबलिङमा विशेष ध्यान दिनुपर्ने बताउँदै एमआरपी सम्बन्धी समस्याका कारण भन्सारमा रोकिएका मालवाहक ट्रकहरूको प्रक्रिया सहजीकरण गरी यथाशीघ्र भन्सार गरिदिन सम्बन्धित निकायसँग आग्रह गरे ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै घरेलु तथा साना उद्योग कार्यालय प्रमुख शारदा भट्टराईले उत्पादनको गुणस्तर, मापदण्ड र कानुनी प्रक्रियाबारे जानकारी दिए । उनले साना तथा घरेलु उद्योगलाई बजार प्रतिस्पर्धामा टिकाउन गुणस्तर सुधार अपरिहार्य रहेको उल्लेख गरे ।

वाणिज्य कार्यालय भैरहवाका कार्यालय प्रमुख धर्मा अर्यालले पछिल्लो समय देखिएको एमआरपीसम्बन्धी समस्याबारे जानकारी गराउँदै व्यवसायीलाई प्रचलित कानुनअनुसार मूल्य विवरण राख्न सुझाव दिइन् । उनले साना उद्यमीलाई संरक्षण र प्रोत्साहन गर्न राज्यले व्यवहारिक नीति अवलम्बन गर्नुपर्ने धारणा राखिन् ।

घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगरका अधिकृत अनन्त पन्थीले उपभोक्ताको विश्वास कायम गर्न गुणस्तरीय उत्पादन र स्पष्ट लेबलिङ अनिवार्य भएको बताए ।

गुणस्तर तथा नापतौल कार्यालय बुटवलका सहायक निरीक्षक रमेशराज पाण्डेले नापतौलसम्बन्धी नियम कानुनको पूर्ण पालना गरेर व्यापार सञ्चालन गर्न आग्रह गरे । त्यस्तै खाद्य तथा गुण नियन्त्रण कार्यालयका अधिकृत अनुप हलवाईले म्याद गुज्रेका तथा अखाद्य वस्तु बिक्री वितरण नगर्न व्यवसायीलाई सचेत गराए ।

कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालयका अधिकृत लक्ष्मीप्रसाद दाहालले पनि आफ्नो धारणा राखेका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com